कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

प.सं. : २०७७।७८
च.नं. :

मितिः २०७७/५/१०

## जिवजिवे ग्रामीण अस्पतालमा सेवा सुचारु गर्ने सम्वन्धी सूचना ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण क्रमिक रुपमा समुदायस्तरमा फैलदैं गरेको र रसुवा जिल्लामा पनि कोरोना भाइरसका संक्रमितहरु देखिन थालेको समेत परिस्थितिलाई मध्यनजर गरी हालसालै गाउँपालिकाबाट जनप्रतिनिधि, कर्मचारी तथा व्यापारीलगायत अग्रभागमा रहेका व्यक्ति, रसुवा अस्पतालको आइसोलेशनमा उपचाररत कोभिड-१९ संक्रमितको सम्पर्कमा रहेको आशंका गरिएका यस गाउँपालिकाका स्थानीयवासी र जिवजिवे ग्रामीण अस्पतालमा कार्यरत कोभिड-१९ संक्रमित कर्मचारीको निकट सम्पर्क (Close Contact) मा रहेका सोही अस्पतालका अन्य कर्मचारीहरुको नमूना संकलन गरी पिसिआर परीक्षणको लागि हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला र टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाईएकोमा सम्पूर्ण व्यक्तिहरुको संक्रमण नतिजा नकारात्मक (Negative) प्राप्त भएको व्यहोरा जानकारी गराउँदछौं ।

यसैगरी जिवजिवे ग्रामीण अस्पतालमा कार्यरत संक्रमित कर्मचारीको सम्पर्कमा रही स्वास्थ्य सेवा प्राप्त गर्नुभएका यस गाउँपालिकाका स्थानीय विमारीहरुको समेत मिति २०७७/५/१० मा नमूना संकलन गरी परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाईएको र सो को नतिजा प्राप्त हुन बाँकी छ ।

हालसम्म परीक्षण गरिएका नमूना (जिवजिवे ग्रामीण अस्पतालका एकजना कर्मचारी, जो आइसोलेशनमै बस्नुभएको छ, बाहेक) को संक्रमण नतिजा नकारात्मक (Negative) देखिएको सन्दर्भ तथा आधारभूत स्वास्थ्य सेवा प्रवाहको संवेदनशीलता समेतलाई मध्यनजर गरी हाललाई स्वास्थ्य एवम् सुरक्षाका सम्पूर्ण मापदण्ड पालना गरी जिवजिवे ग्रामीण अस्पतालको सेवा (USG बाहेक) लाई सुचारु गरिने एवम् गाउँपालिका तथा अन्तर्गतका अन्य कार्यालयद्वारा प्रवाह हुने सेवाको हकमा अर्को सूचना नभएसम्मका लागि मिति २०७७/५/७ मा प्रकाशित सूचना बमोजिम नै हुने व्यहोरा सम्पूर्णमा यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

कोरोना भाइरस (Covid-19) को विद्यमान महासंकटलाई परास्त गर्न तीनवटै तहका सरकार सहितको बहुसंयन्त्र र नागरिक सहितको साझा प्रयत्न अत्यावश्यक हुने विषयलाई सबैले मनन गरी अत्यावश्यक काम बाहेक अन्य नियमित कामका लागि सार्वजनिक निकाय र सार्वजनिक स्थानको भ्रमण नगरौं । अत्यावश्यक कामले भ्रमण गर्नै परेको अवस्थामा स्वास्थ्य र सुरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गरौं ।

प्रमुख प्रशासकीय अधिकृत